नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.-५६५, दायर मिति-: २०८१/०२/१६

फैसला मिति- २०८१/०२/१६

वादी

प्र.स.नि. गुलसन कुमार सिंह समेतको प्रतिवेदनले

नेपाल सरकार.........................१

प्रतिवादी

जिल्ला बारा जितपुर सिमरा उप-महानगरपालिका वडा नं. २२ बस्ने ग्यासुदिन मियाँको छोरा वर्ष २५ को गुलाब अंसारी ........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीलाई प्रहरीले सोधपुछ गर्ने क्रममा प्रहरी टोलीलाई अश्लिल गाली गलौज गर्दै कर्तव्य पालनमा अवरोध गरेको भन्ने प्रहरी प्रतिवेदन ।
२. प्रतिवादीलाई प्रहरीले सोधपुछ गर्ने क्रममा प्रहरी टोलीलाई अश्लिल गाली गलौज गर्दै कर्तव्य पालनामा अवरोध पुर्याएको समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले प्रहरी टोलीलाई अश्लिल गाली गलौज गरी कर्तव्य पालनामा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. कर्तव्य पालनमा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रौशन साह समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०१।२५ गते बिहान अं. ०४:०० बजेको समयमा जिल्ला पर्सा विरगंज महानगरपालिका वडा नं. १० स्थित सडकमा प्रतिवादी गुलाब अंसारीले कुखुरा चोरी गरेको भनि सूचना प्राप्त हुनासाथ निज प्रतिवादीलाई फेला पारी सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी आवेशमा आई उल्टै प्रहरी टोलीसँग वादविवाद तथा गली गलौज गर्दै कर्तव्य पालनामा बाँधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी गुलाब अंसारीलाई कैद दिन २२ र जरिवाना रु.४५००/- अक्षेरपी चार हजार पाँच सय गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी गुलाब अंसारीलाई ठहरेको कैद दिन २२ को हकमा निज मिति २०८१-०१-२५ देखि २०८१-०२-१५ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.४५००/- असुल उपर गर्नु --------------------------------------------------------------- १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८१ जेष्ठ महिना १६ गते बुधवार रोज ४/ ने.सं. ११४४ बछलागा षष्ठी,शुभम् .......